जगरनाथपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड :९ संख्या:.०३ मिति: २०८२/०९/०४


भाग-२

## जगरनाथपुर गाउँपालिका

### सामुदायिक स्वास्थ्य सेवा इकाई स्थापना, संचालन तथा व्यवस्थापन सम्वन्धी कार्यबिधि, २०८२

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :२०८२/०३/०८

**<u>प्रस्तावना</u>**

जगरनाथपुर गाउँपालिकाको गाउँसभाबाट पारित नीति तथा कार्यकम, बमोजिम तय गरिएको प्रमुख नीति मध्य सामुदायिक स्वास्थ्य सेवा इकाई स्थापना गरी पालिकामा बसोवास गर्ने महिला, वालवालिका गरीव, तथा सिमान्तकृत वर्ग तथा समुदायको गुणस्तरियआधारभूत स्वास्थ्य सेवामा पहुच र सेवाको उपभोगमा वृद्धी गर्न सामुदायिक स्वाथ्य इकाई स्थापना सम्वन्धि स्वास्थ्य नीति २०७२, को कार्य नीतिमा उल्लेख भए वमोजिम पालिकाहरुमा वसोवास गर्ने नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवा प्रदानगर्न आवश्यकता र प्राथमिकताको आधारमा यस जगरनाथपुर गाउँपालिकाको दुगर्म तथा स्वास्थ्य सेवा वाट बन्चित रहेका

वडाहरुमा सामुदायिक स्वास्थ्य इकाई  स्थापना गर्दै जाने निति अनुरुप आवश्यकता अनुसार सबै वडामा सामुदायिक स्वास्थ्य सेवा इकाई  स्थापन गर्ने ।

नेपालको संविधान २०७२ वमोजिम आधारभूत स्वास्थ्य सेवा पाउने जनताको संवैधानिक अधिकार स्थापित गर्नको लागि सामुदायिक स्वास्थ्य सेवा इकाई  स्थापना, संचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०८२ जगरनाथपुर गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२/०३/०८ गतेको बैठकको निर्णयनुसार पारित गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१). यो कार्यविधिको नाम :-  सामुदायिक स्वास्थ्य सेवा इकाई  स्थापना सम्वन्धी कार्यविधि २०८२ रहेको छ ।

२). परिभाषा :

१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) "सामुदायिक स्वास्थ्य इकाई  भन्नाले जगरनाथपुर गाउँपालिकाको स्वास्थ्य सेवाको पहुँच भन्दा टाढा रहेका यस पालिका भित्रमा स्थायी वा अस्थायी बसोवास गर्ने महिला, वालवालिका, गरीव, तथा सिमान्तकृत वर्ग गुणस्तरिय आधारभुत स्वास्थ्य सेवामा पहुच पुर्‍याइ आम नागरिकको स्वास्थ्यमा सुधार ल्याउनको लागि ल्याइएको विशेष स्वास्थ्य कार्यक्रम भनी बुझ्नु पर्दछ।

(ख) "लक्षित वर्ग : जगरनाथपुर गाउँपालिका भित्र को दुगर्म क्षेत्रमा वसोवास गर्ने महिला, वालवालिका गरीव, तथा सिमान्तकृत वर्ग तथा समुदायहरु

(ग) गाउँपालिका भन्नाले जगरनाथपुर गाउँपालिका भन्ने सम्झनु पर्ने छ ।

**२. सामुदायिक स्वास्थ्य सेवा इकाई  रहने स्थान :**

जगरनाथपुर गाउँपालिकामा कार्यपालिकाको निर्णय अनुसार आवश्यक वडा तथा टोलमा तत्काल स्थापना गरी सेवा सञ्चालनमा ल्याइने छ ।

## ३. कर्मचारी सम्बन्धी व्यवस्था र दरवन्दी :

३.१ सामुदायिक स्वास्थ्य सेवा इकाई सञ्चालन गर्न देहाय वमोजिमको जनशक्तिको व्यवस्था गर्नुपर्ने छ ।

क) हे.अ./अ.हे.व. मध्ये एक जना

(ख) स्टाफ नर्स/अ.न.मी. मध्ये बाट एक जना

(ग) कार्यालय सहयोगी एक जना

(घ) आवश्यकता अनुसार ल्याब टेक्निसियन/ल्याब असिस्टेन्ट व्यवस्थापन गर्न सकिनेछ |

३.२ पारिश्रमिक र सुविधा सम्वन्धी व्यवस्था

उपरोक्त बमोजिमको जनशक्तिको व्यवस्था जगरनाथपुर गाउँपालिकाको गाउँसभा बाट विनियोजित रकम बाट तलवभत्ता दिने गरि सेवा करार लिने व्यवस्था मिलाइने छ । यसरी नियुक्ति हुने स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीको सेवा सुविधा जगरनाथपुर गाउँपालिका बाट व्यहोरिनेछ, साथै सामुदायिक स्वास्थ्य सेवा ईकाईमा कार्यरत स्वास्थ्यकर्मी लगायत अन्य कर्मचारीहरुको पारिश्रमिक दुइपक्षिय संझौता वमोजिम हुने छ, भने पहिले देखि सञ्चालनमा भएका सामुदायिक स्वास्थ्य सेवा इकाई मा कार्यरत कर्मचारीहरुको हकमा समेत यो सुविधा लागू हुने छ ।

जनसंख्या, भौगोलिक अवस्था र विरामीको चापको आधारमा र कार्य विवरणको अवस्था हेरी थप प्राविधिक जनशक्तिको आवश्यकता गर्नुपर्ने भए कार्यपालिकाको निर्णय अनुसार थप जनशक्तिको व्यवथा पनि गर्न सकिने छ ।

३.३ जनशक्ति पदपूर्ति प्रकृया :

करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि २०८२ वमोजिम हुनेछ ।

## ४. सामुदायिक स्वास्थ्य सेवा इकाई सञ्चालन तथा व्यवस्थापन :

४.१ सामुदायिक स्वास्थ्य सेवा इकाई को सञ्चालन, रेखदेख र समन्वय सम्वन्धीत सामुदायिक स्वास्थ्य इकाई स्वास्थ्य व्ययस्थापन समिति, वडा समिति र गाउँपालिकाले गर्ने छ ।

४.२ सामुदायिक स्वास्थ्य सेवा इकाई लाई आवश्यक पर्ने औषधी र उपकरण जगरनाथपुर गाउँपालिकाले आपूर्ति व्यवस्था मिलाउने छ |

३.३ सामुदायिक स्वास्थ्य सेवा इकाई मा कामगर्ने कर्मचारीहरको व्यवस्थापन तथा कामको रेखदेख पालिका, सम्वन्धीत वडा र सामुदायिक स्वास्थ्य सेवा इकाई  व्यवस्थापन समितिले गर्ने छ ।

३.४ सामुदायिक स्वास्थ्य सेवा इकाई को भवन निर्माण, मर्मत व्यवस्थापन गर्ने सम्भार र आवश्यक उपकरण आदिको जिम्मेवारी सम्वन्धीत पालिकाको हुने छ ।

**५. सामुदायिक स्वास्थ्य सेवा इकाई  स्तरीय स्वास्थ्य व्यवस्थापन समिति गठन :**

५.१ पालिकाको प्रत्येक वडामा रहेको स्वास्थ्य चौकी व्यवस्थापन समिति नै सामुदायिक स्वास्थ्य सेवा इकाई व्यवस्थापन समितिको रुपमा कार्य गर्नेछ |

**६. कार्यविधिको व्याख्या :**

यो कार्यविधि जगरनाथपुर गाउँकार्यपालिकाको वैठक वाट पारित भएको मिति देखि लागु हुनेछ । कार्यविधि लागु हुनु भन्दा अगाडी सामुदायिक स्वास्थ्य सेवा इकाई  स्थापना संचालन तथा व्यवस्थापन सम्वन्धमा भए गरेका कामकारवाहीहरु यसै कार्यविधि वमोजिम भए गरेको मानिनेछ ।

**७. मातहतमा रहने :** सामुदायिक स्वास्थ्य सेवा इकाईको प्रमुख सम्बन्धित वडाको स्वास्थ्य चौकीको प्रमुखको मातहतमा रही कामकाज गर्नुपर्नेछ |

**प्रमाणीकरण मितिः** २०८२/०९/०४

आज्ञाले,

सन्देश कुमार यादव

प्रमुख प्रशासकिय अधिकृत